

# माटोको सुधारिएको चुलोको विकासमा जैविक ऊर्जा सव-कम्पोनेन्ट

## सुधारिएको चुलो

सुधारिएको चुलो दाउराको खपत घटाउने, चुलोको कार्यदक्षता बढाउने, खाना छिटो पकाउने र घर भित्रको धुवाँ कम गर्ने सबैभन्दा सस्तो र सरल प्रविधि हो । यसमा आगोलाई खेर जान नदिई इन्धनलाई राम्ररी बल्ने व्यवस्था मिलाईएको हुन्छ, जसले गर्दा दाउराको खपत घट्ने र दाउराको संकलन तथा खाना पकाउने समयको बचत हुन्छ । घरभित्र हुने धुवाँमा पनि कमी आउँछ । हाल माटो र फलामले बनेका विभिन्न किसिमका सुधारिएको चुलो प्रचलनमा छन् । यो चुलो विशेष गरी घरभित्र बढी समय बिताउने महिला, बालबच्चा तथा पाका उमेरका व्यक्तिहरूको स्वास्थ्यमा पर्ने प्रतिकूल असरलाई न्यून गरी स्वास्थ्यमा हुने खर्च घटाउन समेत उपयोगी देखिएको छ ।

## माटोको सुधारिएको चुलोका प्रकारहरू

यो गाउँघरमा नै पाइने माटो, भूस गोबर र फलामे डण्डी प्रयोग गरी तालिम प्राप्त व्यक्ति (स्टोभ मास्टर) ले कम खर्चमा सजिलै बनाउन सक्छन् । यसमा दाउरा बल्न सजिलो हुने गरी आवश्यक हावा जाने ठाउँ हुन्छ र धुवाँ बाहिर जान चिम्नीको व्यवस्था गरिएको हुन्छ । यसमा आगो खेर जान नदिन विशेष सतर्कता अपनाइन्छ, जसले गर्दा दाउराको खपतमा करिव आधा जति कम हुन्छ भने धुवाँ धेरै हदसम्म नियन्त्रण हुन्छ । हाल वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्रले निम्न प्रकारका सुधारिएको माटोको चुलो प्रवर्द्धन गर्दै आइरहेको छ ।





### एक मुखे चुलो

यो चुलो सानो (४-५ जना) परिवारको लागी उपयुक्त हुन्छ । यसलाई घरमा पालिएका पशुहरुको लागि कुँडो (खोले) पकाउन, भोज भतेर आदि विशेष अवसरमा यसलाई अतिरिक्त चुलोको रुपमा पनि लिन सकिन्छ । यसलाई आवश्यकताअनुसार ठूलो-सानो पनि बनाउन सकिन्छ ।

### दुई मुखे चुलो- समान /फरक सतह

यो चुलो ६-१० जनाको परिवारको लागी ठीक हुन्छ । यसको भाँडा राख्ने दुवै मुखहरु फरक सतहमा हुने हुँदा खाना पकाउँदा भाँडाहरु आपसमा ठोकिदैनन् (रोजाइ अनुसार समान सतहको पनि बनाउन सकिन्छ) । यसका दुवै मुखलाई एकै चोटि प्रयोग गर्नुपर्दछ । यसलाई पनि आवश्यकतानुसार ठूलो-सानो बनाउन सकिन्छ ।







### तीन मुखे चुलो - फरक सतह


यसमा तीन वटा फरक किसिमको भाँडाको साइज बसाल्न मिल्ने गरी चुलोमा तीन फरक गोलाकारका प्वालहरू रहेका हुन्छन् । यो चुलोमा भने नौदेखि दश जनासम्मको लागी खाना पकाउन उपयुक्त हुन्छ साथै व्यवसायीक प्रयोजन जस्तै होटल, लज, होस्टल आदीको लागी उपयुक्त चुलो हो । यो चुलो समान सतह, फरक सतह गरी दुई किसिमले बनाउन सकिन्छ ।

### तीन मुखे बहुउद्धेश्यीय चुलो

यो चुलो खासगरि चिया, खाजा तथा खाना पाइने साना होटलहरुका लागि ठीक हुन्छ । यसलाई पनि आवश्यकतानुसार ठूलो-सानो बनाउन सकिन्छ



## घरायसी रकेट चुलो



घरायसी रकेट चुलो (सार्न नमिल्ने)

दाउराको धेरै बचत गर्ने र खाना छिटो पकाउने क्षमता भएको घरायसी रकेट चुलो आवश्यकताअनुसार ठूलो-सानो गरी ४-१० जनाको परिवारलाई ठीक हुने गरी बनाउन सकिन्छ । यसमा आगो एकदमै राम्रोसँग बल्ने हुँदा भान्छा भित्र धुवाँ परम्परागत चुलोको तुलनामा नगन्य हुन्छ । यसलाई निश्चित ठाउँमा जडान गर्न वा सार्न मिल्ने गरी पनि बनाउन सकिन्छ ।



कोनिकल रकेट चुलो



कोनिकल रकेट चुलो (सार्न मिल्ने)

## व्यवसायिक (संस्थागत) रकेट चुलो

यो चुलो खासगरी व्यवसायिक प्रयोजन जस्तै चिया, खाजा तथा खाना बनाइने साना तथा मझौला होटलहरुका लागि ठीक हुन्छ । धेरै पशुहरु भएको अवस्थामा कुँडो (खोले) पकाउन र दूध तताउन पनि यसको प्रयोग गर्नु राम्रो हुन्छ । यसलाई पनि आवश्यक्तानुसार ठूलो-सानो बनाउन सकिन्छ ।



व्यवसायीक (संस्थागत) रकेट चुलो







- माथी उल्लेखित सबै प्रकारका चुलोहरु आफुसँगै भएका भाँडाहरु मध्ये धेरैजसो प्रयोग हुने भाँडाहरुलाई मिल्ने गरी बनाउन सकिन्छ ।
- माटोको चुलो तालिम प्राप्त स्टोभ मास्टरलाई मात्र बनाउन लगाउनु पर्छ । उल्लेख गरिएका भन्दा बाहेक विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय उद्योगहरुमा निर्मित उच्च गुणस्तर भएका विभिन्न मोडलका चुलोहरु पनि बजारमा उपलब्ध छन् ।


नेपाल सरकार
जनसंख्या तथा वातावरण मन्त्रालय
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
**राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम/जैविक ऊर्जा सव-कम्पोनेन्ट**
सम्पर्क: पोष्ट बक्स नं.: १४३६४, खुमलटार, ललितपुर, नेपाल, फोन नं. +९७७-१-५५३९३९० फ्याक्स: +९७७-१-५५४२३९७